दुर्व्यवहार विरुद्ध आफ्ना बालबालिकाहरुलाई जोगाउनुहोस्

कुनै पनि शैक्षिक संस्थामा जातीय वा वर्गीय आधारमा **तपाईंका** बालबालिकाहरुलाई तल लेखिए बमोजिम दुर्व्यवहार गर्नु वर्गीय दुर्व्यवहार अध्यादेशको आधारमा गैर कानूनी हो ।

- ☑ **तपाईंका** बालबालिकाहरुलाई भर्ना गर्दाको शर्त
- ☑ तपाईँको बालबालिकाहरुलाई भर्ना गर्न असहमति देखाउनु
- ☑ तपाईँको बालबालिकाहरुलाई निकाल्नु वा उसलाई कुनै हानि **पु-याउनु**
- ☑ अन्य विद्यार्थीलाई दिएको कुनैपनी सुविधा, उपलब्धि वा सेवा दिन अस्वीकार गर्नु
- ☑ **तपाईंका** बालबालिकाहरुलाई हानि **पु-याउनु** कुनै पनि व्यवहार गर्नु

कुनै पनि शैक्षिक संस्थामा जातिको आधारमा शिक्षक वा विद्यार्थीले दुर्व्यवहार गर्नु गैर कानूनी हो ।

आफ्ना बालबालिकाहरुलाई सहयोग गर्नुहोस्

- ☑ आफ्नो बालबालिकाहरुको शैक्षिक अधिकारबारे जानुहोस्
- ☑ सल्लाह र सुझावको लागि क्षेत्रीय शैक्षिक कार्यालयमा फोन गर्नुहोस्
- ☑ **तपाईंका** बालबालिकाहरुको विद्यालयमा भाषाका लागि गरिने सहयोगबारेमा जानकारी लिनुहोस्
- ☑ **आफ्ना** बालबालिकाहरुको पढाईको बारेमा प्रधानाध्यापक र अध्यापकहरूसँग कुरा गर्नुहोस्
- ☑ बालबालिकाहरुको कुरा सुन्नुहोस् र उसलाई विद्यालयमा के समस्या भएको छ बुझ्नुहोस्
- ☑ असामान्य व्यवहार भएको भए इओसीबाट सहयोग माग्नुहोस् ।

मेरा बालबालिकाहरुलाई जातको आधारमा विद्यालयबाट निकालेमा म के गर्न सक्छु ?

मेरा बालबालिकाहरुलाई विद्यालयमा असमान व्यवहार गरियो भने के गर्ने ?

घटना भएको १२ महिनाभित्रमा इओसीमा गुनासोको लागि निवेदन पेश गर्न सकिन्छ । इओसीले उपयुक्त लागेको खण्डमा संझौता उपयुक्त अनुसन्धान र छानबीन गर्नेछ । वैकल्पिक रूपमा जातीय तपाईं अध्यादेशको आधारमा तपाईँको कानूनी कदम चाल्न सक्नुहुनेछ ।

तपाईँले इओसीलाई जानकारीका लागि सम्पर्क गर्न सक्नुहुन्छ । अनुरोध गरेमा भाषिक सहायता सेवा पनि उपलब्ध छ ।

Equal Opportunities Commission (EOC)
समान अवसर आयोग (इओसी)
ठेगाना : 16/F., 41 Heung Yip Road,Wong Chuk Hang, Hong Kong

जानकारी : **2511-8211**
फ्याक्स: **2511-8142**
ई-मेल: eoc@eoc.org.hk
वेभसाईट: www.eoc.org.hk

2511-8211

Regional Education Offices

माध्यमिक पछिको/उच्च अध्ययन

माध्यमिक शिक्षा पूर गरेर अझ पढ्न चाहने विद्यार्थीहरूका लागि:

* यू जी सी बाट अनुदानप्राप्त संस्थाहरूले जे.यू.पी.ए.एस.को लागि आवेदन दिदा विशेष अवस्थामा चिनियाँ भाषामा(जस्तै : जी सी एस इ, आइ जी सी एस इ) भएको वैकल्पिक दक्षतालाई ग्राह्यता दिन्छन् ।

उपयोगी लिङ्क र सम्पर्कहरु

- ☆ HKCS CHEER केंद्र — दोभाषे सेवा (Interpretation and Translation Services)
  फोन: **3755-6822**
  वेभसाईट: http://www.hkcs.org/gcb/cheer
- ☆ एनसीएस विद्यार्थीहरूलाई शिक्षा सेवा
  वेभसाईट: http://www.edb.gov.hk/ncs
- ☆ किन्डरगार्डेन र किन्डरगार्डेन र शिशु स्याहार केन्द्रको प्रोफाइल
  वेभसाईट: http://www.chsc.hk/kindergarten/en
- ☆ जिल्लाका विद्यालयहरूको सूची
  वेभसाईट: http://www.edb.gov.hk/index.aspx?nodeid=480&langno=1
- ☆ विद्यालयमा ठाउँको लागि एजुकेशन बोर्डको भर्ना शाखा
  फोन: **2832-7740, 2832-7700**
  वेभसाईट: http://www.edb.gov.hk/index.aspx?nodeid=1496&langno=1

सबैकालागि शिक्षा

हङ्कङ्गमा तपाईँले आफ्नो बालबालिकाहरुको शिक्षाको लागि के-के जान्नुपर्ने हुन्छ

平 等 機 會 委 員 會
EQUAL OPPORTUNITIES COMMISSION

Translation in Nepali (2011)

शिक्षा **हाम्रा** बालबालिकाहरुको भविष्यको साँचो हो । यस पम्प्लेटले हङ्कङ्गको शैक्षिक व्यवस्थाबारेको संक्षिप्त जानकारी दिन्छ । यसले तपाईंले **आफ्ना** बालबालिकाहरुलाई जातीय विभेद अध्यादेश अन्तर्गत कसरी शैक्षिक असमानताको व्यवहारबाट जोगाउन सक्नुहुन्छ भन्ने कुराको व्याख्या गर्छ ।

पूर्व -प्राथमिक शिक्षा

३ देखि ६ वर्षसम्मका बालबालिकाहरुहरुलाई निजी किन्डरगार्डेन र शिशु स्याहार केन्द्रले पूर्व प्राथमिक शिक्षा दिन्छन् । ती किन्डरगार्न्डेनमा अभिभावक आफैले गएर बालबालिकाहरुको भर्नाको लागि पहल गर्नुपर्छ ।
शुल्क:को लागि अनुदान निम्न स्कीम अनुसार उपलब्ध हुनेछ:

- ☆ किन्डरगार्डेन र शिशु स्याहार केन्द्रको शुल्क: मिनाह गरिनेछ (परीक्षणको माध्यमबाट)
- ☆ पूर्व प्राथमिक शिक्षा पुर्जी (उपयुक्त किन्डरगार्डेन जाने सबै बालबालिकाहरुरूलाई प्राप्त हुनेछ)





विद्यालयहरूमाथि एक नजर

विद्यालयहरू छ किसिमका छन्:

- ☆ सरकारी विद्यालयहरू
- ☆ अनुदानप्राप्त विद्यालयहरू
- ☆ सीधा अनुदान स्कीम (डी एस एस) विद्यालय
- ☆ निजी विद्यालयहरू
- ☆ अंग्रेजी माध्यमिक विद्यालयहरू (इ एफ एस)
- ☆ अन्तर्राष्ट्रिय विद्यालयहरू

सरकारी विद्यालयहरु, अनुदानप्राप्त विद्यालयहरू र केही डीएसएस र निजी विद्यालयहरूले स्थानीय पाठ्यक्रम चलाउँछन् । अन्यले आफ्नै उद्देश्य अनुसारको पाठ्यक्रम चलाउँछन् ।

चिनियाँ भाषा नबोल्ने विद्यार्थीलाई सहयोगको लागि ३५४०-७४४७ मा फोन गर्नुहोस् । विद्यालयसँग सम्बन्धित कुनै पनि समस्याको लागि २८९१-००८८ मा फोन गर्नुहोस् ।

2891-0088

प्राथमिक शिक्षा

६ देखि १२ बर्षका बालबालिकाहरुहरूलाई ६-बर्षे प्राथमिक शिक्षा अनिवार्य छ । यो सरकारी विद्यालय र अनुदानप्राप्त विद्यालयहरूमा निःशुल्क उपलब्ध छ ।

चिनियाँ भाषा नबोल्ने विद्यार्थीहरूको लागि चिनियाँ भाषा सिकाउनलाई स्तरीयरूपमा निर्माण गरिएका निर्माण सामग्री उपलब्ध छन् ।

उल्लेख्य रूपमा गैर चिनियाँ विद्यार्थी भएका विद्यालयहरू पनि (प्राथमिक र माध्यमिक) ठूलो संख्यामा छन्("तोकिएका विद्यालयहरू")।यी विद्यालयहरूमा सुविधाहरू उपलब्ध छन् र यिनको उद्देश्य चिनियाँ भाषाको माध्यमबाट पढ्न असजिलो भएका विद्यार्थीहरूको पठन -पाठन प्रभावकारी बनाउन मद्दत गर्नु हो ।

माध्यमिक शिक्षा

१२ देखि १५ बर्षसम्मका बालबालिकाहरुहरूको लागि ३ बर्षे माध्यमिक शिक्षा अनिवार्य छ । ३ बर्षे उच्च माध्यमिक शिक्षा अरु पढ्न चाहनेहरूको लागि उपलब्ध छ ।

६ बर्षे शिक्षा सरकारी र अनुदानप्राप्त विद्यालयहरूमा निःशुल्क हुन्छ ।

व्यावसायिक शिक्षा लिन चाहने विद्यार्थीहरूले निम्न माध्यमिक शिक्षापछि व्यावसायिक तालीम काउन्सिलले दिने तालीम लिन सक्छन् ।



हामी भर्खरै मात्र हङ्कङ्ग आएका हौं ।
हाम्रा १४ वर्षका छोरा /छोरीलाई विद्यालयमा कसरी भर्ना गर्न सकिन्छ ?

माध्यमिक एक भर्ना



प्राथमिक एक भर्ना



सहयोगात्मक कार्यक्रम/विद्यालय जाने उमेरका गैर चिनियाँ भाषी विद्यार्थीहरूलाई सेवा

- ☆ प्रारम्भिक कार्यक्रम- भर्खरै आएका अथवा फकिएका गैर चिनियाँभाषी विद्यार्थीहरूलाई विद्यालय जानुअघि भाषा र संस्कृतिको तालीमसहित, ६ महिने पूरासमयको कार्यक्रम ।
- ☆ प्रवेश कार्यक्रम- भर्खरै आएका अथवा फकिएका गैर चिनियाँभाषी विद्यालय गइसकेका विद्यार्थीहरूलाई ६० घण्टे अतिरिक्त कार्यक्रम
- ☆ चिनियाँ भाषा अध्ययन सहयोग केन्द्र – गैर चिनियाँभाषी विद्यार्थीहरूको लागि खास गरी जसले ढीला चिनियाँ भाषा सिक्न शुरु गरेका थिए तिनलाई विद्यालय समयपछि वा बिदामा थप कक्षाको व्यवस्था गरिदिन्छ ।
- ☆ विशेष शिक्षाको आवश्यकता परेका विद्यार्थीहरूलाई विशेष शिक्षा- मूल्यांकन र विशेष विद्यालयमा भर्ना सुविधा उपलब्ध छ; गैर चिनियाँभाषी विद्यार्थीहरूको लागि उपयुक्त सहयोग कार्यक्रम पनि उपलब्ध गराइने छ ।